## खत्याड गाउँपालिका

# स्थानीय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ८** **संख्याः ७** **मितिः २०८२।०३।३१**

## भाग-१

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँपालिका गाउँ सभाको २० औ बैठकले " **विनियोजन ऐन**, २०८३ " स्वीकृत गरेको छ ।

आज्ञाले,

प्रदिप घिमिरे

नि.प्रमुख प्रशासकीय अधिकृत

खत्याड गाउँपालिका, मुगु

**खत्याड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**रामतडी मुगु**

कार्यपालिकाबाट स्वीकृत मितिः- २०८३।०३।०९
सभामा पेश मितिः २०८३।०३।१०
सभाबाट पारित मितिः २०८३।०३।३१

# विनियोजन ऐन , २०८३

खत्याड गाउँपालिका, मुगुको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**,

खत्याड गाउँपालिका, रामतडी मुगुको २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खत्याड गाउँपालिका, रामतडी मुगुको गाउँ सभाले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम खत्याड गाउँपालिका मुगुको विनियोजन ऐन,२०८३ रहेको छ ।

(२) यो ऐन २०८३ श्रावण १ गते बाट लागु हुनेछ।

२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, रकम खर्च गर्ने वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६८,९८,१८,००० (अक्षेरुपी अठसट्ठी करोड अन्ठानब्बे लाख अठार हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन.

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त खत्याड गाउँपालिका, मुगुको गाउँ कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक

वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**सभाध्यक्ष महोदय,**

यस आ व २०८३/०८४ को विनियोजन विधेयकमा समेटिएका बजेट तथा कार्यक्रम देहायअनुसार उल्लेख गरिएको छ ।

१. संघिय सरकारबाट प्राप्त भएको रकमलाइ देहायअनुसार राखिएको छ।

| **संघिय सरकारबाट प्राप्त हुन आएको रकम** | | | |
|---|---|---|---|
| **क्र.स.** | **अनुदानको प्रकार** | **विनियोजित रकम (अंकमा)** | **विनियोजित रकम (अक्षरमा)** |
| १ | राजस्व बाँडफाँड | ११,६२,९६,००० | एघार करोड बैसट्ठी लाख छयानब्बे हजार |
| २ | समानीकरण | ११,२१,००,००० | एघार करोड एक्काईस लाख |
| ३ | सशर्त अनुदान | २९,२५,००,००० | उनान्तिस करोड पच्चिस लाख |
| ४ | समपुरक अनुदान | २,३२,००,००० | दुई करोड बत्तिस लाख |
| ५ | विशेष अनुदान | १,००,००,००० | एक करोड |
| **कुल जम्मा रकम** | | **५५,४०,९६,०००** | **पचपन्न करोड चालिस लाख छयानब्बे हजार** |

२. प्रदेश सरकारबाट प्राप्त भएको रकमलाइ देहायअनुसार राखिएको छ।

| **प्रदेश सरकारबाट प्राप्त हुन आएको रकम** | | | |
|---|---|---|---|
| **क्रस** | **अनुदानको प्रकार** | **विनियोजित रकम (अंकमा)** | **विनियोजित रकम (अक्षरमा)** |
| १ | समानिकरण | १,५३,१०,००० | एक करोड त्रिपन्न लाख दश हजार |
| २ | सशर्त अनुदान | ३,९४,६२,००० | तिन करोड चौरानब्बे लाख बैसट्ठी हजार |
| ३ | समपुरक अनुदान | ९९,५०,००० | उनानसय लाख पचास हजार |

| | | | |
|---|---|---|---|
| ४ | विशेष अनुदान | १,०५,००,००० | एक करोड पाँच लाख |
| ५ | राजस्व बाँडफाँड | २५,००,००० | पच्चिस लाख |
| **कुल जम्मा** | | **७,७७,२२,०००** | **सात करोड सतहत्तर लाख बाइस हजार** |

३. यस गाउँपालिकाको आन्तरिक स्रोत तर्फको अनुमानित रकम

| **गाउँपालिकाको अनुमानित आम्दानी रकम** | | | |
|---|---|---|---|
| **क्रस** | **प्राप्त रकम शिर्षक** | **विनियोजित रकम (अंकमा)** | **विनियोजित रकम (अक्षरमा)** |
| १ | राजस्व संकलनबाट | ८०,००,००० | असी लाख |
| २ | अनुमानित अल्या रकम | २,००,००,००० | दुई करोड |
| **कुल रकम** | | **२,८०,००,०००** | **दुई करोड असी लाख** |

४. लक परियोजनाको लागी फिनल्याण्ड सरकार र नेपाल सरकारबाट प्राप्त हुने अनुमानित रकम करिब ३ करोड

माथी उल्लेखित सबै रकम जोड्दा यस खत्याड गाउँपालिकामा कुल जम्मा हुन आएको अनुमानित बजेट रकमलाइ देहायअनुसार उल्लेख गर्न सकिन्छ।

| **क्र.स.** | **आम्दानीको क्षेत्रगत प्राप्त बजेट** | **विनियोजित रकम (अंकमा)** | **विनियोजित रकम (अक्षरमा)** |
|---|---|---|---|
| १ | संघिय सरकारबाट | ५५,४०,९६,००० | पचपन्न करोड चालिस लाख छयानब्बे हजार |
| २ | प्रदेश सरकारबाट | ७,७७,२२,००० | सात करोड सतहत्तर लाख बाईस हजार |
| ३ | गा.पा.को अनुमानित आय | २,८०,००,००० | दुई करोड असी लाख |
| ४ | नेपाल सरकार र फिनल्याण्ड सरकारबाट प्राप्त आय | ३,००,००,००० | तीन करोड |
| **कुल जम्मा अनुमानित रकम** | | **६८,९८,१८,०००** | **अठसट्ठी करोड अन्ठानब्बे लाख अठार हजार** |

यस खत्याड गाउँपालिकाको गैरसरकारी संस्था (सन्चालन तथा व्यवस्थान) ऐन २०७५ बमोजिम गाउँपालिकाको अनुमती लिई सन्चालनमा रहेका विभिन्न NGO तथा INGO हरुले आव २०८३।०८४ सन्चालन गर्ने अनुमानित बजेट तपशिल बमोजिम पेश गरेको देखिन्छ।

**गैरसरकारी संघसंस्थाहरु तर्फको बजेट**

| **क्र.स.** | **गै.स.स.को नाम** | **कार्यक्षेत्र** | **अनुमानित रकम** |
|---|---|---|---|
| १ | कारितास नेपाल | कृषि | ४५,३१,२०० |
| २ | के सि डि सि | कृषी | ५७,३१,९४१ |
| ३ | हिरेन्डिक नेपाल | स्वास्थ्य | ९०,००,००० |

| | | | |
|---|---|---|---|
| ४ | सुनौलो परिवार योजना | स्वास्थ्य | ९,९८,१८३ |
| ५ | आर सि डि सि | स्वास्थ्य | ९,९४,५९४ |
| ६ | के सि डि सि | शिक्षा स्वास्थ्य | ११,८०,९४० |
| ७ | FWEAN Nepal | Empower | ७,८३,०८४ |
| **जम्मा** | | | **२,१२,१९,९४२** |

यसरी माथि उल्लेखित सम्पुर्ण गाउँपालिकाभित्र खर्च हुने रकमलाइ देहायअनुसार उल्लेख गरिएको छ।

| **क्र.स.** | **बजेट ब्यहोर्ने निकाय** | **अनुमानित रकम (अंकमा)** | **अनुमानित रकम (अक्षरमा)** |
|---|---|---|---|
| १ | गाउँपालिकाको जम्मा बजेट | ६८,९८,१८,००० | अटसट्ठी करोड अन्ठानब्बे लाख अठार हजार |
| २ | विभिन्न NGO INGO | २,३२,१९,९४२ | दुई करोड बत्तिस लाख उन्नाईस हजार नौं सय बयालिस |
| **कुल जम्मा बजेट रकम** | | **७१,३०,३७९४२** | **एकहत्तर करोड तिस लाख सैतिस हजार नौ सय बयालिस** |

खत्याड गाउँपालिका, मुगु